नेपाल सरकार
# अर्थ मन्त्रालय
बजेट तथा कार्यक्रम महाशाखा

पत्र संख्या:- २०७८/७९
च. नं.:- ९८५

सिंहदरबार, काठमाडौं
नेपाल ।
मितिः २०७९/०२/३०

विषयः राष्ट्रसेवक कर्मचारीको अपुग तलब सम्बन्धमा।

श्री महालेखा नियन्त्रक कार्यालय,
अनामनगर, काठमाडौं।

यस मन्त्रालयको मिति २०७८/११/२०, च.न. ५६९ को परिपत्र कार्यन्वयन गर्ने क्रममा तलव भुक्तानी गर्न कठिनाई भएको भनि विभिन्न निकायबाट जानकारी प्राप्त भएको हुँदा प्रस्तुत सम्बन्धमा स्वीकृत दरबन्दीमा रहेका सबै मन्त्रालय/निकायका राष्ट्रसेवक निजामती कर्मचारी, नेपाली सेना र प्रहरीको अपुग तलब सम्बन्धित निकायबाट माग भई आएमा भुक्तानी गर्ने व्यवस्था मिलाउनुहुन मिति २०७९/०२/३० को (सचिव स्तरीय) निर्णयानुसार हुन अनुरोध छ।

(चन्द्र दहाल)
शाखा अधिकृत

M/C

टेलिफोन नं.:- बजेट म...

नेपाल सरकार
**शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय**
**आर्थिक प्रशासन शाखा**

सिंहदरबार, काठमाण्डौ
फोन नं. : ४२००३६०

प.सं. :- २०७८/७९
च.नं. :- ९१६

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

मिति : २०७८।१२।०८

विषय : अपुग तलब व्यवस्थापन सम्बन्धमा ।

श्री मन्त्रालय अन्तर्गतका सबै निकायहरु ।

उपरोक्त सम्बन्धमा अर्थ मन्त्रालयको च.नं. ५६९ मिति २०७८।११।२० को अपुग तलब व्यवस्थापन सम्बन्धमा विषयको पत्रानुसार तलब रकम अपुग भएमा सोको व्यवस्थापनको लागि विनियोजन ऐन, २०७८ को दफा ८(७) को व्यवस्था कार्यान्वयन गर्ने गरी अनिवार्य दायित्व अन्तर्गत तलबको एउटै बजेट उप शिर्षक भित्रको रकम थपघट गर्ने अधिकार सम्बन्धित लेखा उत्तरदायी अधिकृतबाट मन्त्रालय बजेट सूचना प्रणाली (LMBIS) मा संशोधन गर्ने व्यवस्था मिलाई सकिएकोले सोही बमोजिम बचत रहने रकमबाट तलबको व्यवस्थापन गर्नुहुन र सो गर्दा समेत अपुग हुने तलब नियमानुसार कोष तथा लेखा नियन्त्रक कार्यालयमा माग गर्नु हुन भनी लेखीआएको पत्र यसैसाथ संलग्न राखी सबैको जानकारीको लागी निर्देशानुसार अनुरोध छ ।

..............................
ईश्वर प्रसाद काफ्ले
उप सचिव (लेखा)

नेपाल सरकार

# अर्थ मन्त्रालय

## बजेट तथा कार्यक्रम महाशाखा

पत्र संख्याः- २०७८/७९

च. नं.:- 253

सिंहदरबार, काठमाडौं

मितिः २०७८।११।२०

विषयः अपुग तलब व्यवस्थापन सम्बन्धमा।

प्र. म. ११६८ / ११।२३

श्री शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय,
सिंहदरबार, काठमाडौं।

चालु आर्थिक वर्षमा विभिन्न मन्त्रालय/निकायहरुबाट राष्ट्रसेवक निजामती कर्मचारी, नेपाली सेना, प्रहरीको अपुग तलब माग भई आएकोमा सोको व्यवस्थापनको लागि विनियोजन ऐन, २०७८ को दफा ८(७) को व्यवस्था कार्यान्वयन गर्ने गरी अनिवार्य दायित्व अन्तर्गत तलबको एउटै बजेट उप शिर्षक भित्रको रकम थपघट गर्ने अधिकार सम्बन्धित लेखा उत्तरदायी अधिकृतबाट मन्त्रालयगत बजेट सूचना प्रणाली (LMBIS) मा संशोधन गर्ने व्यवस्था मिलाई सकिएकोले सोही बमोजिम बचत रहने रकमबाट तलबको व्यवस्थापन गर्नुहुन र सो गर्दा नपुग अपुग हुने तलब नियमानुसार कोष तथा लेखा नियन्त्रक कार्यालयमा माग गर्नु हुन मिति २०७८/११/१६ को (सचिव स्तरीय) निर्णयानुसार हुन अनुरोध छ।

(चन्द्र दहाल)
शाखा अधिकृत

टेलिफोन नं.:- बजेट म. ४२११८०१, प्रशासन म. ४२११७८८, ४२११३००, राजस्व व्य.म ४२११८६७, अ.आ.स.स.म. ४२११८३७
आ.नि.वि.म. ४२११८२६, योजना, अनुगमन तथा मू.म. ४२००५३७, कानून तथा फैसला का.म. ४२११८१२, वि.दे.व्य. तथा स.स.म. ४२११९९३, वि.स.स.म. ४२११३१२
फ्याक्स नं. ४२१११६४, ४२११३४८ (बजेट म.), ४२१११६५, (अ.आ.स.स.म.)
ईमेल : admindivision@mof.gov.np, वेब साईट: www.mof.gov.np